*[संवत् २०५५ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री गोविन्द गोठालेलाई र सोही सालको 'मदन पुरस्कार' 'दु:खान्त नाटकको सृजना परम्परा' भन्ने ग्रन्थको लागि त्यसका रचयिता डा. केशवप्रसाद उपाध्यायलाई समर्पण गर्न संवत् २०५६ साल आश्विन २६ गते रोज ४ का दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत-भाषण । यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १६० बाट उद्धृत गरिएको हो ।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

श्रद्धेय 'गोठाले'ज्यू, डा. केशवप्रसादज्यू तथा मित्रहरू !

आजको यस सभाको कारण भएका स्वर्गीय लेफ्टिनेन्ट जनरल मदनशमशेर तथा रानी जगदम्बालाई एकफेर तपाईंहरू पनि सम्झिदिनुहोस् भन्ने आग्रह गर्दै तपाईंहरू सबैलाई यस समारोहमा म स्वागत जनाउँछु ।

मुख्यत: आदरणीय ब्यौलाहरू दुई जनालाई म स्वागत गर्छु। तपाईंहरूलाई त मैले फूलअक्षता छरेर स्वागत गर्नुपर्थ्यो। तपाईंहरू नभई त यो समारोह सुरु नै हुँदैनथ्यो। फूलअक्षता मैले छर्न सकिनँ र यी शब्दाक्षताले तपाईंहरूको स्वागत गर्दै छु- स्वागतम् ! स्वागतम् !

गोविन्दजी, कुनै बेला म तपाईंलाई एउटा व्यापारिक संस्थामा स्वागत गर्ने गर्थें । आज यसरी साहित्यिक सम्मान गर्न पाएकोमा म गौरवान्वित भएको छु । डा. केशव, तापाईंको थिसिस लेखनकालमा मदन पुरस्कार पुस्तकालयमा तपाईंलाई स्वागत गरिन्थ्यो र आज यसरी 'मदन पुरस्कार' नै समर्पण गर्न पाएकोमा कृतार्थ भएको छु ।

प्रमुख अतिथि भनेर हामीले कसैलाई पनि वरण गर्ने गरेका छैनौं। त्यसै हुँदा मुख्य पाहुना भनेर नाम किट्ने हामी गर्दैनौं। बुझ्नुभएकै होला यहाँ आइपुग्नुभएका

तपाईंहरू सबै, कवि, लेखक, साहित्यिकहरू हाम्रा लागि प्रमुख अतिथि हुनुहुन्छ। हजारौंहजार नेपाली कविलेखकबाट एक सय जना जतिलाई मात्र हामीले यहाँ निम्त्याउन र स्वागत गर्न सकेका छौं। त्यसैले नेपाली भाषा साहित्यका प्रेमीहरूको एउटा सानो प्रतिनिधिसभा यो हो। यस प्रतिनिधिसभाका प्रमुख अतिथि प्रत्येकलाई म स्वागत अभिवादन गर्दछु। हाम्रो आग्रहलाई स्वीकार गरी आज यहाँ पाल्नुभएका विद्वान् उपकुलपति डा. माधवराज गौतमज्यूमा म न्यानो स्वागत निवेदन गर्दछु। उपकुलपतिज्यू, तपाईंहरू जस्ता विद्वान्को स्नेह र आशीर्वाद नै हाम्रा सम्पत्ति हुन्। यी सदैव कायम रहून् भन्ने प्रार्थना छ।

कतिपय कारणले हामी धेरै जनालाई समारोहमा सरिक गराउन सक्तैनौं। त्यसैले एकपटक पाल्नुभएका सबै जनालाई अर्कोपटकमा स्वागत गर्न पनि असमर्थ हुन्छौं। भए पनि मदन पुरस्कार गुठीका परिवारलाई चाहिँ निम्ता पुगोस् भन्ने हाम्रो प्रयास रहन्छ। त्यसमा पनि कैलेकाहीं त्रुटि हुँदो रहेछ। त्यसका लागि हामी क्षमाप्रार्थी छौं। तर गुठी परिवारका सदस्यहरू नै पनि सधैं सबै नआइदिँदा हामीलाई खल्लो लाग्छ।

स्वागत-भाषणमा गुठीको प्रतिवेदन दिनुहुँदैन भन्ने हाम्रा जानिफकार सदस्य-सचिवज्यूको निर्देश हुँदा म बेसी नबोली पुनः एकपटक सबैलाई स्वागत, सुस्वागत भनी बस्छु। जय होस्!

☒ ☒ ☒